# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखरी), नेपाल, वैशाख २६ गते, २०८० साल (अतिरिक्ताङ्क ०५


## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०१।२६ को निर्णयानुसार स्वीकृत भएको “लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८०” सबैको जानकारीका लागि यो सूचना प्रकाशत गरिएको छ।

### लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८०

**प्रस्तावनाः** प्रदेशको दुरगामी सोंच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्यहरु निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कनबाट प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्न  प्रदेश योजना आयोगको गठन गर्ने र आयोगको कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३(क) बमोजिम लुम्बिनी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० " रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेको यस आदेशमा,

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिमको प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ७ बमोजिम प्रदेश विकास परिषद् सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(च) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेशको मन्त्रिपरिषदलाई सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

## परिच्छेद-२

## आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. **प्रदेश योजना आयोगको गठनः** (१) प्रदेश सरकारको दीर्घकालीन, आवधिक र वार्षिक विकास योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा प्रदेश सरकारलाई आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्न प्रदेश योजना आयोगको गठन गरिएको छ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछनः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकाबाट नियुक्त एक जना - उपाध्यक्ष

(ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक माहिला सहित बढीमा तीन जना - सदस्य

(घ) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ङ) प्रदेश सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय - सदस्य

(च) अध्यक्षले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यहरु देहायका विषय क्षेत्र लगायतको प्रतिनिधित्व हुने गरी नियुक्ति गरिनेछ।

(क) आर्थिक विकास,

(ख) सामाजिक तथा मानव विकास र सुशासन,

(ग) भौतिक पूर्वधार, जलस्रोत तथा उर्जा,

(घ) कृषि तथा पर्यटन वा

(ङ) प्राकृतिक र मानवीय स्रोत व्यवस्थापन ।

(४) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा काम गर्नेछन्।

४. **आयोगको बैठकः** (१) आयोगको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा आयोगको सदस्य-सचिवले आयोगको बैठक बोलाउनेछ।

(३) आयोगको वैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) आयोगको वैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगका सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ।

(७) आयोगको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **आयोगको नियमित बैठकः** (१) आयोगको नियमित कार्यसञ्चालनको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याङ्कनका लागि आयोगको नियमित बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षको निर्देशनमा आयोगको सदस्य-सचिवले बोलाउनेछ ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र उपाध्यक्षको अनुपस्थितिमा आयोगका बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) आयोगको नियमित बैठकमा पदेन सदस्यको उपस्थिति अनिवार्य हुने छैन।

(५) आयोगको नियमित बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **आयोगको काम, कर्तव्य र अधिकारः** प्रचलित कानून बमोजिमका काम, कर्तव्य, अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) दीर्घकालिन सोच, नीति तथा योजना तर्जुमा सम्बन्धमा आयोगले देहायका कार्य गर्नेछ :-

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, बित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने वा गर्न लगाउने,

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने,

(छ) समय समयमा प्रदेशको स्थितिपत्र, वा श्वेतपत्र तयार गर्ने,

(ज) बार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

(२) आयोगले अनुगमन र मूल्याङ्कन सम्बन्धी देहायका कार्य गर्नेछः-

(क) अनुगमन र मूल्याङ्कन सम्बन्धी मापदण्ड, कार्यविधि वा ढाँचा बनाउने,

(ख) प्रदेशको विकास सम्वन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागू गर्ने गराउने,

(ग) मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने गराउने,

(घ) प्रभाव मूल्याङ्कनको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(ङ) अनुगमन तथा मूल्यांकनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत संघ

संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

(३) प्रदेश र स्थानीय  तहको विकास सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(४) कुनै प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(५) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा  योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(६) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा ब्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने,

(७) लगानीका लागि आवश्यक समन्वय र परामर्श गरी लगानीको वातावरण तयार गर्ने,

(८) प्रदेश सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-३

## प्रदेश विकास परिषद्

७. **प्रदेश विकास परिषद् :** (१) आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक प्रदेश विकास परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु -सदस्य

(ग) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(घ) प्रदेश-सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता -सदस्य

(ङ) प्रदेस-सभाकाका समितिका सभापतिहरु -सदस्य

(च) आयोगको उपाध्यक्ष -सदस्य

(छ) आयोगका सदस्यहरु -सदस्य

(ज) प्रदेश सरकारका मन्त्रालयका सचिवहरु -सदस्य

(झ) सबै जिल्ला समन्वय समितिका प्रमुखहरु -सदस्य

(ञ) स्थानीय तहका प्रमुख/अध्यक्षहरु मध्येबाट परिषद्का अध्यक्षले तोकेको बढीमा १२ जना प्रतिनिधि -सदस्य

(ट) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याएका व्यक्तित्व मध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश सरकारबाट मनोनित १२ जना -सदस्य

(ठ) सदस्य सचिव, प्रदेश योजना आयोग - सदस्य सचिव

८. **परिषद्को बैठक सम्बन्धी व्यवस्थाः** (१) परिषद्का अध्यक्षको निर्देशनमा सदस्य सचिवले परिषद्को बैठक बोलाउनेछ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(३) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(५) परिषद्को बैठकसम्वन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

९. **प्रादेशिक योजनाको स्वीकृतिः** परिषद्को बैठकमा आयोगले तयार गरेको प्रादेशिक योजना छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेश गरिनेछ।

## परिच्छेद-४

## उपाध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार

१०. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्वन्धित काम समन्वयात्मक र प्रभावकारी ढंगले सम्पादन गर्ने गराउने,

(ख) प्रदेशको समग्र आर्थिक अवस्था, चालु योजना, प्रदेश प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा आयोगका अध्यक्षलाई जानकारी गराउने,

(ग) आयोगका अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने।

११. **<u>सदस्यको काम, कर्तव्य र अधिकारः</u>**- सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आयोगमा जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारी क्षेत्रसँग सम्बन्धित नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी आयोगमा पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारी क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

(घ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने।

परिच्छेद-५

## <u>उपाध्यक्ष तथा सदस्यको सेवाका शर्त तथा सुविधा</u>

१२. **<u>योग्यताः</u>** देहायका योग्यता भएका व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैसठ्ठी बर्ष ननाघेको,

(ग) नेपाल सरकारद्धारा मान्यता प्राप्त विश्वविद्यालयबाट दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका विषयसँग सम्बन्धित विषयमा बिद्यावारिधि गरेको वा विश्वविद्यालयको कम्तिमा सह-प्राध्यापक भै कामगरेको वा स्नातकोत्तर तह हासिल गरी विकास, योजना, नीति

अनुसन्धान, कानून, प्राज्ञिक वा व्यवस्थापकीय क्षेत्रमा रही काम गरी विशिष्टता हासिल गरेको,

(घ) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नभएको।

१३. **<u>आयोगको कार्यावधिः</u>** (१) आयोगको कार्यावधी काम शुरु गरेको मितिले ४ वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले कुनै कारणले आयोग विघटन गर्न चाहेमा जुनसुकै बखत आयोगको कार्यावधी समाप्त हुने गरी विघटन गर्न सक्नेछ ।

१४. **<u>पद रिक्त हुने अवस्थाः</u>** देहायका अवस्थामा उपाध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछः-

(क) मुख्यमन्त्री पदमुक्त भएमा,

(ख) प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) दफा १२ बमोजिमको योग्यता कायम नरहेमा,

(घ) प्रदेश सरकारले पदमुक्त गरेमा,

(ङ) मृत्यु भएमा, वा

(च) प्रदेश सरकारले आयोग विघटन गरेमा।

१५. **<u>पारिश्रमिक र सुविधाः</u>** (१) उपाध्यक्ष र सदस्यको पारिश्रमिक क्रमशः प्रदेश सरकारको राज्यमन्त्री र प्रदेश सभाका सदस्य सरह हुनेछ ।

(२) उपाध्यक्ष र सदस्यको अन्य सुविधा अनुसूची-१ बमोजिम हुनेछ।

(३) सवारी साधन र आवासको लागि सरकारी भवन व्यवस्था हुन नसकेमा सो व्यवस्था नभएसम्मका लागि अनुसूची-१ बमोजिमको सुविधा उपलब्ध हुनेछ।

१६. **शपथः** उपाध्यक्ष तथा सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-२ बमोजिमको ढाँचामा उपाध्यक्षले अध्यक्ष समक्ष र सदस्यहरुले उपाध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ लिनुपर्नेछ।

१७. **स्वीकृति लिनु पर्नेः** (१) उपाध्यक्ष र सदस्यले आयोगको कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ।

(३) निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-६

## आयोगको सचिव, जनशक्ति तथा बजेट

१८. **सचिवालयः** (१) आयोगको एक छुट्टै सचिवालय रहनेछ र सो सचिवालयमा रहने कर्मचारी दरवन्दी प्रदेश सरकारवाट स्वीकृत भए बमोजिम हुनेछ।

(२) प्रचलित कानून र यस आदेशका अन्य दफामा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगका सचिवले आयोगले तोकेका अन्य कार्य गर्नु गराउनु पर्नेछ ।

१९. **जनशक्ति तथा बजेटसम्वन्धी व्यवस्थाः** (१) दफा १८ को उपदफा (१) बमोजिम स्वीकृत दरबन्दीमा प्रदेश सरकारले जनशक्तिको व्यवस्था गर्नेछ।

(२) आयोगका लागि आवश्यक बजेट प्रदेश सरकारबाट उपलब्ध गराइनेछ।

परिच्छेद-७

## विविध

२०. **पालना गर्नुपर्नेः** आयोगले यस आदेश तथा अन्य प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कार्यका सम्वन्धमा निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्डहरु योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायहरुले पालना गर्नुपर्नेछ।

२१. **अधिकार प्रत्यायोजनः** आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

२२. **प्रतिवेदन पेश गर्नेः** (१) आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरीमा गरेका प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशका आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ।

२३. **निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्नेः** यस आदेशको उद्देश्य पूर्तिका लागि आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।

२४. **खारेजी र बचाउः** (१) प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
## (दफा १५ सँग सम्बन्धित)
## उपाध्यक्ष तथा सदस्यको सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाई दर | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | आवास सुविधा | प्रति महिना रुपैयाँ | १८,०००।- | १८,०००।- |
| २ | फर्निचर, फर्नेसिङ(सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु.(एक पटक) | ५०,०००।- | ५०,०००।- |
| ३ | सवारी साधन | मोटर (वटा) | १ | - |
| ४ | सवारी इन्धन(पेट्रोल/डिजेल) | लिटर(मासिक) | १२५ | १०० |
| ५ | मोविल | लिटर (त्रैमासिक) | ५ | ५ |
| ६ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | २,०००।- | २,०००।- |
| ७ | धारा, बिजुली | प्रति महिना रुपैयाँ | २,०००।- | २,०००।- |
| ८ | अतिथि सत्कार | प्रति महिना रुपैयाँ | ५,०००।- | ५,०००।- |
| ९ | यातायात सुविधा | प्रति महिना रुपैयाँ | २०,०००।- | २०,०००।- |
| १० | दैनिक भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | २,०००।- | २,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ११ | दैनिक भत्ता (विदेश) | अमेरिकी डलर | १७५।- | १७५।- |
| १२ | यात्रा बीमा (बिदेश भ्रमण) | एकमुष्ठ रु.(एक पटक) | १० लाख | १० लाख |

१. सवारी साधन र आवास उपलब्ध गराइएको अवस्थामा क्र.सं. १ र ९ बमोजिमको सुविधा रकम उपलब्ध गराइने छैन।

**अनुसूची-२**

(दफा १६ सँग सम्बन्धित)

**शपथको ढाँचा**

म........................................ मुलुक र जनताप्रति पूर्ण बफादार रहि सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै ............................ पदको कामकाज प्रचलित कानूनको अधीनमा रहि मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमानदारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः...................................          नाम,

थरः....................................

दस्तखतः................

**आज्ञाले,**

**राजेन्द्र थापा**

**कानून सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय